जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ४७ २०८१ साल भदौं २७ गते बिहीबार (12 Sep. 2024 Thursday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np




*यस अंक भित्र :* २ पृष्ठमा : मानव बेचबिखन नियन्त्रणको ... ३ पृष्ठमा : मौलाउँदै नेपालमा खेलकुद.. ३ पृष्ठमा : भारतमा सामसुङका ...

# राजदुत नियुक्ती र विश्वविद्यालयमा देखिएको समस्या बारे जसपाले बुझायो प्रधानमन्त्री र मुख्यमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौं ।**

जनता समाजवादी पार्टी नेपाल सप्तरीले राजदुत नियुक्ती र विश्वविद्यालयमा देखिएको समस्या बारे प्रधानमन्त्री तथा मधेश प्रदेशका मुख्यमन्त्रीलाई ज्ञापनपत्र पठाएको छ ।

बुधवार जिल्ला प्रशासन कार्यालय पुगी पार्टीका जिल्ला अध्यक्ष केदार प्रसाद यादवले प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती मार्फत प्रधानमन्त्री र मुख्यमन्त्रीलाई ज्ञापन पत्र बुझाएका हुन ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई पठाइएको ज्ञापन पत्रमा सरकारले १८ देशका लागी हालै गरेको राजदुत नियुक्ती खारेज गरी समानुपातिक समावेशीको आधारमा सबै समुदाय र क्षेत्रको प्रतिनिधित्व हुने गरी पुन: नियक्ती गर्न प्रमुख माग अघि सारिएको छ ।

ज्ञापन पत्रमा राजदुत नियुक्ती प्रकृया संविधानको मर्म र भावना तथा नेपाल सरकारसंग विभिन्न समयमा आन्दोलनकारी पक्ष संग गरिएको सहमती र सम्झौता विपरित भएको उल्लेख गदै उक्त मागलाई वेवास्ता गरिए संबैधानिक व्यवस्था र विगतमा भएका सहमती सम्झौताको पालना गराउन जसपा नेपाल संर्घषमा उत्रिने चेतावनी समेत दिइएको छ ।

ज्ञापनपत्र मार्फत २०६४ साल फागुन १६ गते संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा र नेपाल सरकार बीच भएको आठ बुँदे सम्झौता बारे स्मरण गराउदै राज्यका सबै निकायमा मधेशी, आदीवासी, जनजाती, थारु, मुश्लिम, महिला, दलित, पिछडीएको क्षेत्र र अल्पसंख्यक समुदायको समानुपातिक समावेसी सहभागीता हुने गरी सरकारले नियक्ती, बढुवा र मनोनयन अनिवार्य गर्नू पर्ने माग अघि सारिएको छ ।

यस्तै मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिहलाई पठाइएको छुट्टै ज्ञापनपत्रमा राजविराजस्थित मधेश कृषि विश्वविद्यालय तथा विरगंजस्थित मधेश विश्व विद्यालयको समस्यालाई प्रमुख रुपमा उठाइएको छ ।

मधेश प्रदेश सरकारले कृषि विश्वविद्यालय र मधेश विश्वविद्यालयलाई आर्थिक वर्ष २०८१/०८२ मा १०/१० लाख मात्र बजेट छुट्टयाइएकोमा ज्ञापनपत्र मार्फत आपत्ती र असन्तुष्टि व्यक्त गरीएको छ ।

प्रदेशलाई चाहिने योग्य र सक्षम यूवा जनशक्ती पलायन भईरहेको अवस्थामा विश्वविद्यालय जस्तो सम्बेदनशिल र भविष्य निर्माण गर्ने संस्थाको बजेट कटौती हुदा यसले यूवा जनशक्तीको थप पलायन हुने क्रम बढ्ने ज्ञापन पत्रमा उल्लेख छ ।

कसैको नीजि संस्थालाई मलजल हुने गरी विदेशी दलालको इशारामा विश्वविद्यालयको बजेट कटौती गरिएको दोषारोपण गर्दै ज्ञापनपत्रमार्फत अविलम्ब आवश्यक बजेट विनियोजन तथा विश्वविद्यालयलाई विना अवरोध संचालन हुने व्यवस्था र वातावरण निर्माण गर्न माग गरिएको छ ।

यस्तै ज्ञापन पत्रमा मधेश कृषि विश्वविद्यालय, मधेश विश्वविद्यालयका साथै मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई आवश्यक पर्ने बजेट अविलम्ब उपलब्ध गराउन माग गर्दै सो

***बाँकी दुई पृष्ठमा***

# जिसस सप्तरी परिसरमा अत्याधुनिक र सुविधा सम्पन्न सभागृह निर्माण हुने



**दैनिक समाचारदाता**
**राजविराज, २६ भदौं ।**

जिल्ला समन्वय समिती सप्तरी परिसरमा अत्याधुनिक र सुविधा सम्पन्न सभागृह निर्माण हुने भएको छ । यसका लागी बुधवारदेखी वातावरीण प्रभाव मुल्याङ्कन, भुमिको अवस्था र माटो परिक्षण लगायतका काम सूरु भएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साहले मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ मा सभागृह भवन निर्माणका लागी २ करोड रुपैया बजेट विनियोजन गरेको जानकारी दिएका छन् । सोही बजेटबाट अत्याधुनिक र सुविधा सम्पन्न सभागृह भवन निर्माण गर्न लागिएको उनले बताए ।

आउँदो १५ महिना भित्र काम सम्पन्न गर्ने गरी दुई तल्ले सुविधा सम्पन्न सभागृह भवन बनाउने लक्ष्य रहेको उनको भनाई छ । सभागृहमा क्यान्टिन, शौचालय, क्वाटर, खोनपानी, पार्किङ्ग लगायत सुविधाका साथै दक्षिण तर्फबाट भाडा प्रयोजनका लागी ५ वटा सटर भवन समेत निर्माण हुने समितीले जनाएको छ ।

# पूर्वमुख्यमन्त्री कार्कीद्वारा दोश्रो दिन पनि अनसन जारी

**दैनिक समाचारदाता**
**बिराटनगर, २६ भदौं ।**

कोशी प्रदेशका पूर्वमुख्यमन्त्री केदार कार्कीले आमरण अनसनलाई दोस्रो दिन पनि जारी राखेका छन्। विराटनगर-७ स्थित देवकोटा चोकमा उनी अनसनमा बसिरहेका छन् ।

मंगलवार ४ बजेदेखि उनले प्रदेशसभाको गेट नजिकै सुरु गरेका अनसन प्रहरीले निषेधित क्षेत्रमा अनसन बसेको भन्दै राति करिब ८ बजे बल प्रयोग गरेर नियन्त्रणमा लिएको थियो ।

प्रहरीले अनसनस्थलबाट उठाएर उनलाई बुढीगंगा-२ टंकिसिनुवारीमा रहेको कार्कीको घरमै पुऱ्याइदिएको थियो । तर, कार्की पुन: देवकोटा चोकमा आएर अनशन बसेका हुन् । अनशनस्थलमा कार्कीसहित केहि समर्थकहरू पनि छन् । कार्कीको अनशनलाई रोक्न मोरङ प्रशासनले मङ्गलवार विभिन्न स्थानमा निषेधाज्ञा लगाएको छ ।

कार्कीको अनशनमा नेपाली कांग्रेसका डा.शेखर कोइराला पक्षधर नेता तथा कार्यकर्ताले साथ दिएका छन् । कोइराला पक्षका प्रदेशसभा सांसदसहित विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले पनि अनशनमा ऐक्यबद्धता जनाएका छन् ।

आफू मुख्यमन्त्री भएको बेला सुरु गरेका जनउत्तरदायी कार्यक्रमहरू अहिलेको सरकारले कटौती गरेको भन्दै कार्कीले विभिन्न ९ बुँदे माग राखेर अनशन सुरु गरेका हुन् । विशिष्टीकृत सेवासहित १० वर्षमुनिका बालबालिकाकाको नि:शुल्क उपचार कार्यक्रमलाई नियमित गर्नुपर्ने, बजेटमा २५ लाखभन्दा तलका आयोजना नराख्ने नीति लिनुपर्ने, शैलजा आचार्य हृदयरोग उपचार केन्द्र सञ्चालन गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन भत्ता उपलब्ध गराउनुपर्ने, घिउ तथा धुलो दूधको निर्यातमा प्रोत्साहन रकम वितरण कार्यक्रम यथावत् राख्नुपर्ने कार्कीको माग छ ।

यस्तै, सुनसरी-मोरङ केसलिया करिडोरको विकास कार्यक्रममा पर्याप्त बजेट दिनुपर्ने, कृषि र प्राविधिक शिक्षाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने, डाक्टर, इन्जिनियरलगायत विभिन्न विधाका विद्यार्थीलाई छात्रवृत्ति दिनुपर्ने र जनावरमैत्री जङ्गल निर्माण गर्नुपर्ने उनको माग छ । माग सम्बोधन नभएसम्म अनशन जारी रहने कार्कीले बताउँदै आएका छन् ।


# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु । - अत्याधिक टाउके दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं । - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**अनुरोधकर्ता : बोदेबर्साइन नगरपालिका, सप्तरी**

## सम्पादकीय

### अधिकार सदुपयोग गरौं

नेपालको संविधानले अहिले स्थानीय तहलाई विद्यायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ। संविधानद्वारा प्रदत्त अधिकारहरुको प्रयोग गरी स्थानीय तहहरुले आ–आफ्ना ठाउँको विकास जनचाहना अनुरुप आफै गर्न सक्छन्। तर, स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका कार्यहरु अपेक्षाकृत रुपमा बढ्न सकेको छैन्। अहिले पनि अधिकतर स्थानीय तहहरु पुरानै शैलीमा काम गरिरहेका छन्। उनीहरु अहिले पनि पुराना मानसिकता भन्दा माथि उठ्न सकेका छैनन्।

विद्यायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकत्तर जनप्रतिनिधिहरु अन्यौल नै रहेको पाइएको छ। जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ। उनीहरुले भौतिक विकासलाई मात्र प्राथमिकतामा राख्ने गरेका छन्। अरु कामलाई त्यत्ति ध्यान नदिइरहेको अवस्था छ।

तसर्थ संविधानद्वारा प्रदत्त तीन वटै अधिकारको प्रयोग गरी जनप्रतिनिधिहरुले समन्वयत्मक विकासका लागि आफ्ना पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउनु आवश्यक छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# मानव बेचबिखन नियन्त्रणको सवाल

**नेत्र सुवेदी 'प्रयास'**
काठमाडौँ, २६ भदौ (रासस)।

एकभन्दा बढी व्यक्ति संलग्न भई गोप्यरूपमा हुने अपराध सङ्गठित अपराध हो। यस्ता अपराध ठूलो आकारका र गहिरो प्रभाव छाड्ने खालका भए भने हामी जघन्य अपराधसमेत भन्दछौँ। नेपालको सन्दर्भमा भन्नुपर्दा लागूऔषध खरिद बिक्री र ओसारपसार, हातहतियारसम्बन्धी र मानव बेचबिखनसम्बन्धी अपराधलाई सङ्गठित र जघन्य अपराधको रूपमा लिने गरिन्छ।

मानव बेचबिखनसम्बन्धी विश्वव्यापी प्रवृत्तिलाई नियाल्दा संसारभर हुने मानव बेचबिखनमध्ये ८० प्रतिशत सम्मका त्यस्तो बेचबिखनका घटना यौनजन्य शोषणका लागि हुने गरेको देखिएको छ भने १७ प्रतिशतलाई बाँधा श्रमिकका रूपमा काम गराउने गरेको खुलेको छ। मानव बेचबिखन सम्बद्ध व्यापारबाट विश्वव्यापीरूपमा करिब ५० अर्ब अमेरिकी डलर आर्जन हुने गरेको विश्लेषण छ।

त्यस्तै यस्तो अपराधबाट पीडित तीनमध्ये दुई जना महिला हुने गरेको तथ्याङ्कले जोखिम क्षेत्रमा महिला रहेको खुल्न आउँछ। एक अध्ययनअनुसार कर्णाली प्रदेशमा पढाउने र धेरै पैसा कमाउने बहानामा भित्रभित्रै मानव बेचबिखन हुने गरेको छ। पढाउने बहानामा साना बालबालिका तथा धेरै कमाउने बहानामा महिला तथा किशोरी मानव बेचबिखनको चपेटामा पर्ने गरेका छन्। विपन्न र दलित समुदायका बालिका र महिलालाई लालचमा पारी सहरका रेष्टुरेन्ट, डान्स बार र घरेलु श्रममा लगाउनु पनि आफैँमा मानव बेचबिखन नै हो।

यो क्रम अहिले पनि रोकिएको छैन मात्र केही रुप र माध्यममा फरक परेको मात्र हो। वैदेशिक रोजगारीमा फर्जी कागजका भरमा विदेश पुऱ्याउने र भनेभन्दा फरक काममा लगाएर असुरक्षित अवस्थामा पुऱ्याउने काम पनि अपराध नै हो। मानव बेचबिखन तथा ओसारपसार गम्भीर सामाजिक समस्या र सङ्गठित अपराध हो। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ अनुसार मानव बेचबिखन भन्नाले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिइ वेश्यावृत्तिमा लगाउने वा प्रचलित कानुनबमोजिम बाहेक मानिसको अङ्ग झिक्ने वा वेश्यागमन गर्ने कार्य गरी चार किसिमका कामलाई जनाउने देखिन्छ। त्यस्तै सोही ऐनको दफा ४(२) मा गरेको व्यवस्थाअनुसार मानव ओसारपसार भन्नाले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने वा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिक(रूपमा दबाब वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा मन्जुरीबिना नेपालभित्र वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य हो।

यसोगर्दा कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ, जालसाज गरी, प्रपञ्च मिलाइ, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धकमा राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस् पारी, पद वा शक्तिको दुरुपयोग गरी अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर त्रास, धाकधम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य जस्ता एक वा एकभन्दा बढी हरकत पर्न सक्छन्। मानव बेचबिखन तथा ओसारपसारसँग आवद्ध भई गरिने अपराधमा खासगरी शोषण र बाँधा बनाउने विषय पनि पर्दछन्।

हालको ऐनले शोषणभित्र दास तुल्याउने, बाँधा बनाउने र मानव अङ्ग झिक्ने कार्यलाई राखेको छ भने संयुक्त राष्ट्रसङ्घीय साधरणसभाबाट पारित पालेमा प्रोटोकल २००० ले पनि खासगरी बाँधा बनाउने, मानव अङ्ग झिक्ने, वेश्यावृत्ति गराई शोषण वा अन्य स्वरूपमा यौन शोषण, जबर्जस्ती श्रम तथा सेवामा लगाउने काम र दासता वा सो सरहका अभ्यासलाई शोषणकै रुप भनेर समेटेको छ।

त्यसैगरी २०८० चैत ३० को राजपत्रमा प्रकाशित भई थप भएको मानव तस्करीसम्बन्धी प्रावधान पनि महत्वपूर्ण छ। मानव तस्करी भन्नाले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा कुनै गैरकानुनी लाभ वा अन्य फाइदा लिने उद्देश्यले बदनियतपूर्वक कुनै नेपाली नागरिक, विदेशी वा आप्रवासी व्यक्तिलाई नक्कली वा झुट्टा कागजात बनाई वा झुक्याइ विदेश लैजाने वा त्यस्तो व्यक्तिको आफ्नो मुलुक वा निज रहेको स्थानबाहेक अन्य मुलुकमा गैरकानुनी रूपमा प्रवेश गराउनेसम्बन्धी कार्य गरे गराएमा मानव तस्करी गरेको मानिन्छ। यसबाहेक किन्ने वा बेच्ने उद्देश्यले कसैलाई नेपालको मार्ग प्रयोग गरी अर्को मुलुकमा पठाउने वा कुनै मुलुकमा पठाउने उद्देश्यले नेपाल ल्याउने कार्यसमेत मानव तस्करीमा पर्दछ।

मानव बेचबिखन तथा ओसारपसार मुद्दाको कारबाही र सुनुवाइ बन्द इजलासमा हुन्छ। बन्द इजलासमा कारबाही तथा सुनुवाइ हुँदा मुद्दाका पक्षविपक्ष, उनीहरूका कानुन व्यवसायी र अदालतले अनुमति दिएका व्यक्ति मात्र बन्द इजलासमा प्रवेश गर्न सक्नेछ। मानव बेचबिखन तथा ओसारपसार सरकार वादी हुने फौजदारी मुद्दाको रूपमा कारबाही हुन्छ। यसमा मानव बेचबिखन तथा ओसारपसारको उजुरीउपर प्रहरीको अनुसन्धानपछि अदालती न्याय प्रक्रियामा सरकारी वकिलले मुद्दाको कानुनी प्रतिनिधित्व गर्दछ। पीडितको नाम र अन्य विषय गोप्य राखेर अनुसन्धान गर्ने गरिन्छ ताकि थप पीडा नपरोस्।

**कसुर र सजाय**

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले विभिन्न आपाराधिक कार्यलाई कसूर स्थापित गरी सजायको व्यवस्था गरेको छ। मानिस किन्ने वा बेच्नेलाई २० वर्षसम्म कैद र दुई लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था छ। त्यसैगरी कुनै प्रकारको फाइदा लिई वा नलिइ वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा अनुसार १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि एक लाखसम्म जरिवाना हुन्छ। प्रचलित कानुनबमोजिम बाहेक मानिसको कुनै अङग झिक्नेलाई १० वर्ष कैद र दुई लाख रुपैयादेखि पाँच लाख रुपैयाँसम्म जरिवाना हुन्छ भने वेश्यागमन गर्नेलाई एक महिनादेखि तीन महिनासम्म कैद र दुई हजारदेखि पाँच हजारसम्म जरिवाना हुने व्यवस्था छ।

त्यस्तै किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले मानिसलाई विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयादेखि एक लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए १५ वर्षदेखि २० वर्षसम्म कैद र एक लाखदेखि दुई लाखसम्म जरिवाना हुने व्यवस्था रहेको छ। त्यस्तै बेचबिखन गर्ने नियतले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजारदेखि एक लाखसम्म जरिवाना र बालबालिका लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र एक लाख रुपैयाँ जरिवाना हुने व्यवस्था छ। मानव बेचबिखन वा ओसारपसारको कसूर गर्न दुरुत्साहन, षडयन्त्र वा उद्योग गर्नेलाई वा सो कसूरको मतियारलाई सो कसूर गर्दा हुने सजायको आधा सजाय हुन्छ। किन्ने वा बेच्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने व्यक्ति एउटै भएमा छुट्टाछुट्टै सजाय हुने प्रावधान छ। यो अपराधमा सार्वजनिक पद धारण गरेको व्यक्तिलाई थप जिम्मेवार गराउँदै २५ प्रतिशत अतिरिक्त सजाय हुने व्यवस्था कानुनमा छ।

त्यस्तै आफ्नो संरक्षणमा वा अभिभावकत्वमा रहेको वा हाडनाता करणीको महलबमोजिम सजाय हुने व्यक्तिका हकमा कसूर गरेको व्यक्तिलाई अतिरिक्त १० प्रतिशत सजाय थप हुन जान्छ र पटके अपराधीलाई एक चौथाइ थप सजाय हुने गर्दछ। त्यस्तै जाहेरवालाले प्रतिकूल बयान दिएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक वर्षसम्म कैद हुने प्रावधान रहेको छ। अभियुक्तलाई हुने जरिवानाको ५० प्रतिशत नघट्ने गरी पीडितलाई क्षतिपूर्ति दिने र जरिवानाको १० प्रतिशत रकम मानव बेचबिखनसम्बन्धी सूचना दिनेलाई उपलब्ध गराउने खालको नवीनतम् प्रावधानसमेत कानुनमा समेटिनु सकारात्मक पक्ष हो।

**मानव बेचबिखनको कारण र चुनौती**

सामाजिक सञ्जाल र अन्य मिडियाका कारण बढेको देखासिकी र महत्वाकांक्षा प्रमुख कारणका रूपमा देखापरेको छ भने गरिबी र बेरोजगारी पनि जबर्जस्ती कारणका रूपमा रहिआएका छन्। यसबाहेक पारिवारिक र सामाजिक अवस्थाले पनि बेचबिखनको अवस्थामा पुऱ्याएको पाइएको छ। साथी सङ्गतिका कारण सरिक हुने र दलालले सुनियोजित ढङ्गले फसाएको पनि पाइन्छ। कानुन कार्यान्वयनमा रहेको कमजोरी र सचेतनाको कमी पनि मानव बेचबिखन तथा ओसारपसार बढ्ने कारणका रूपमा रहेका छन्। देशभित्रकै बजारमा घरेलु कामदारका रूपमा राख्ने र उनीहरूमाथि नै श्रम शोषण तथा यौन शोषण समेत गरेका घटना बेलाबखत सार्वजनिक भएका हुन्छन्।

वैदेशिक रोजगारीको प्रलोभनमा हुने गरेको ठगी र शोषणका घटना र पीडितको उद्धारका लागि भएका पहल पनि बेलाबखत मिडियामा आएकै छन्। सुरक्षित आप्रवासन परियोजनाको कार्यान्वयन पनि यिनै विषयको समयमै सम्बोधनका लागि गरिएको पाइन्छ। मानव बेचबिखनसम्बन्धी कुनै घटना घटित भयो भने सोको सम्बन्धमा सूचना दिने, उजुरी गर्ने र प्रमाण सङ्कलनमा सहयोग गर्ने खालको सामाजिक वातावरण अझ पनि बन्न नसक्नु अर्को चुनौती हो। देशभित्रको उत्पादनको अवस्था र व्यावसायिक गतिविधिमा आएको मन्दीका कारण पनि अहिलेका युवाहरू जसोतसो भिजिट भिसा वा गैरकानुनी रुट गरेरै भए पनि विदेश जाने जोखिम लिन तयार हुन्छन् र उनीहरू बेचबिखनमा पर्ने सम्भावना रहन्छ।

**कार्यदिशा**

नियमावलीले केन्द्र जिल्ला र स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण समिति गठन गर्ने र आ–आफ्नो क्षेत्रमा क्रियाशील राख्ने गरी व्यवस्था गरेको छ। सर्वप्रथम त यो प्रावधानलाई सही ढङ्गले व्यवहारमा उतार्नु पर्दछ। यो वर्षको लागि तय भएको मूल नाराले भनेजस्तै तीनै तहको सरकारको प्राथमिक एजेण्डामा मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रणको विषय समेटिनु पर्दछ। केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहमा यो विषयको समिति बनेर नियमित समीक्षा हुनु जरुरी छ। समाजमा घट्ने घटना वा प्राप्त सूचना नजिकैको प्रहरी इकाइमा पुग्ने र देश विदेशबाट पनि अनुसन्धानलाई सघाउने पहल हुनुपर्दछ। मानव बेचबिखन तथा ओसारपसार भएको थाहा पाउने जुनसुकै व्यक्तिले नजिकको प्रहरी कार्यालय वा स्थानीय तहमा जहिलेसुकै खबर गर्न सक्ने सहज व्यवस्था नेपाल सरकारले मिलाएको छ। अनुसन्धानमा सरिक हुने जनशक्तिको क्षमता विकास, कानुनी सचेतना र सबै सरोकारवालाको सहभागितामा स्थानीय बस्ती र समुदायमा पुगी मानव बेचबिखनविरुद्ध जागरण अभियान सञ्चालन गरिनुपर्दछ। आपसी सहकार्यमा जिल्ला र स्थानीय तहको पायकपर्ने स्थानमा पुनःस्थापना केन्द्र सञ्चालन गरिनुपर्दछ। सामाजिक सञ्जाल नियमनसम्बन्धी कानुन यथाशीघ्र लागू गरिनुपर्दछ। मानव बेचबिखन नियन्त्रण ब्यूरोलाई थप सशक्त बनाइ जिल्ला तहसम्म यसको डेस्क सञ्चालन गर्ने र माइती नेपालजस्ता सङ्घ संस्थासँगसमेत सहकार्य गर्न जरुरी छ। मानव बेचबिखन एक गम्भीर अपराध हो, रोगजारीको नाममा आन्तरिक तथा बाह्यरूपमा हुने अपराध नियन्त्रण गर्न र अपराधीलाई कानुनी कठघरामा ल्याउन विशेष अभियान चलाउनु पर्दछ। मानव बेचबिखन तथा ओसारपसारविरुद्ध सबै सरोकारवाला एकजुट बन्नुको विकल्प छैन। (लेखक बागलुङका प्रमुख जिल्ला अधिकारी हुनुहुन्छ)

*राजदुत नियुक्ती ...*

पुरा नगरिए बाध्य भई संघर्षमा उत्रिने उल्लेख गरिएको छ।

दुबै ज्ञापन पत्र बुझदै प्रमुख जिल्ला अधिकारी मग्रातिले तत्काले सम्बन्धित कार्यालयमा पठाउने प्रतिबद्धता जनाएको जसपा नेपाल सप्तरीले जनाएको छ।

मधेश प्रदेशका पूर्व उपसभामुख उपमा देव, महिला नेतृ पुनम यादव, डा.वलि सिंह यादव, रमिला साह, यूवा नेता लक्ष्मण यादव, किशोर यादव केसी, राजेश्वर राय, अरुण प्रधान, हरेराम यादव लगायतका नेता समेतको उपस्थितीमा ज्ञापनपत्र बुझाइएको हो।

# मौलाउँदै नेपालमा खेलकुद पत्रकारिता

**राजु सिलवाल**

काठमाडौँ, २६ भदौ (रासस)।

एसियाका खेलकुद पत्रकारहरूको सङ्गठन एसियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस एसिया) को २५औँ कङ्ग्रेसमा सहभागी हुन नेपाल आएका विभिन्न २८ देशका खेल पत्रकारहरूले खेलकुद पत्रकारिताको स्थितिको छलफल गर्नाका साथै नेपालको खेलकुद पत्रकारिताको समग्र अवस्थाका बारेमा विचारविमर्श गर्दैछन् ।

नेपालमा पहिलोपटक यो कङ्ग्रेस आयोजना भएको हो । यस कङ्ग्रेसका अवसरमा नेपालमा खेलकुद पर्यटन, इस्पोर्टस, महिला खेलकुद आदि विषयमा पनि छलफल हुने कार्यक्रम छ । विभिन्न मुलुकका खेल पत्रकारहरूको भेलाले पारित गर्ने निर्णयबाट नेपालको खेल क्षेत्र पनि लाभान्वित हुने अपेक्षा गरिएको छ ।

नेपालमा खेलकुद पत्रकारिता बिस्तारै स्थापित हुँदैछ । विगतमा कम प्राथमिकतामा पर्ने गरेको खेलकुदसम्बन्धी समाचारले हिजोआज सञ्चारमाध्यमहरूमा यथोचित स्थान पाउँदै आएका छन् । सञ्चारमाध्यमहरूले खेलकुदसँग सम्बन्धित प्रमुख घटनाहरू समाचारमा दिन छुटाउँदैनन् । विगतको भन्दा खेलकुद पत्रकारिता परम्परागत माध्यम तथा नयाँ माध्यममा विभाजित भएको छ । मल्टी मिडियामा अभ्यस्त युवाहरू खेल पत्रकारितामा कार्यरत भइरहेका छन् ।

यसैगरी, टेलिभिजन तथा सामाजिक माध्यम 'फेसबुक' तथा 'युट्युब'मा खेलकुदको प्रत्यक्ष प्रसारणको क्रम पनि बढिरहेको छ । विभिन्न मुलुकमा भएका खेलकुद प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारण आ-आफ्नो रुचिअनुसार हेर्न सकिने भएको छ । श्रव्य माध्यम रेडियोमा पनि पहिले कसले गोल गऱ्यो जस्ता समाचार 'ब्रेक' गर्ने होड चलेको छ । मोबाइल फोन बोकेर खेलमैदान नजिक 'प्यारापिट'मा बसिरहेका खेल समाचारदाताले खेलको महत्वपूर्ण क्षणको 'लाइभ रिपोर्टिङ' गर्नसक्ने अवस्था सिर्जना भएको छ । 'इन्टरनेट'को माध्यमबाट विश्वका विभिन्न स्थानमा सञ्चालन भइरहेका महत्वपूर्ण खेलकुद प्रतियोगिताको अद्यावधिक गर्न सकिने भएको छ । प्रविधिको विकासले खेलकुदको पहुँच दिनदिनै बढिरहेको छ ।

नेपालका प्रायः सबैजसो दैनिक अखबारले खेलकुदसम्बन्धी सामग्री प्रकाशित गर्नका लागि दिनहुँ निश्चित पेज छुट्याउने गरेका छन् । यसैगरी, रेडियो तथा टेलिभिजनका समाचारमा पनि खेलकुद समाचारका लागि 'प्राइम बुलेटिन'लगायत अन्य बुलेटिनहरूमा समय निर्धारण गर्ने गरिएको छ । अनलाइन समाचार पोर्टलहरूमा पनि खेलकुद समाचार 'ब्रेकिङ न्युज'का रूपमा दिइने क्रम बढ्दै गएको छ । विगतमा सीमित टेलिभिजनले गर्ने गरेको खेलकुद प्रतियोगिताको लाइभ अहिले अनलाइन पोर्टलहरूले समेत व्यापक मात्रामा गर्ने गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता भएको बेलामा युट्युबमा नेपाली भाषामै 'कमेन्ट्री' गरिएका विभिन्न 'साइट' पनि देख्न सकिन्छ । पहिले रेडियो तथा टेलिभिजनमा प्रत्यक्ष प्रसारणमा उद्घोषण गर्नेहरू सीमित व्यक्ति हुने गरेका थिए भने अब त्यस्ता खेल पत्रकारहरूको सङ्ख्या बढ्दो छ ।

**खेल पत्रकारिताको भूमिका**

खेल पत्रकारले खेलकुद प्रतियोगिताका प्रतिस्पर्धात्मक अवस्थाको चित्रण गर्दै खेलाडीहरूको सफलता तथा असफलताबारे जानकारी गराउने गर्दछन् । यसैगरी, खेलकुदसँग सम्बन्धित निकायहरूका गतिविधि, ती निकायका कमीकमजोरीका साथै सुधारका मार्गतर्फ अग्रसर गराउने कार्यमा पनि खेलकुद पत्रकारिताले भूमिका निर्वाह गर्दछ ।

नेपाली खेलकुदजगत्लाई गतिशील तथा चलायमान बनाउन खेल पत्रकारहरूको ठूलो भूमिका रहँदै आएको छ । खेल पत्रकारहरूको निरन्तर समाचार सम्प्रेषणबाटै प्रोत्साहित हुँदै खेलाडीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सफलता प्राप्त गर्दै आइरहेका छन् । यस अर्थमा खेल पत्रकारहरू अनगिन्ती अनुगमन समाचार बनाउने गर्दछन् । खेलकुदसम्बन्धी सम्बन्धित विविध विषयको भित्री तहसम्म गएर समाचार सङ्कलन गर्ने काममा पनि खेलकुद पत्रकारहरूले अग्रसरता देखाउँदै आएका छन् ।

नेपाली खेलाडीहरूलाई 'सेलेब्रेटी' बनाउन खेल पत्रकारहरूले महत्वपूर्ण भूमिका खेलेका छन् । नेपाली खेलकुद क्षेत्रका सामान्य गतिविधिले पनि सञ्चारमाध्यममा स्थान पाउँदै आइरहेका छन् । २०७२ सालको भूकम्प, कोभिड-१९ को सङ्क्रमणजस्ता गम्भीर परिस्थितिमा सम्पूर्ण जनजीवनसहित खेलकुदजगत् कुनै गतविधि नभई ठप्प भएको अवस्थामा पनि खेलकुदसँग सम्बन्धित समाचार प्रकाशन तथा प्रसारण भएका थिए ।

विगतमा खेलकुद समाचार प्रकाशित हुँदा फुटबल खेलमा कुन टोलीले कसलाई कति गोलले पराजित गऱ्यो जस्ता समाचार छापिन्थ्यो । अब कस्ले ? कस्लाई ? कसरी पराजित गऱ्यो ? जस्ता आशयका समाचार सार्वजनिक हुने गरेका छन् । आज खेल बुझ्नेहरू खेल पत्रकार बनेका छन् । पाठक तथा दर्शकहरूको पनि खेलकुद बुझ्ने क्षमता बढ्दै गएको देखिएको छ । खेलका हरेक नियमका ज्ञाता पत्रकारहरूले खेल हेरेकै भरमा खेलमा नतिजाबारे प्राविधिक विश्लेषण गर्न सक्ने अवस्थामा पुगिसकेका छन् ।

नेपालमा खेलकुदसम्बन्धी समाचार सङ्कलन गर्ने पत्रकारहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ । हिजोका दिनमा एउटै समाचारदाता समाचार सङ्कलन गर्न विभिन्न स्थानमा पनि जानुपर्ने अवस्था भएकाले खेलकुद गतिविधिले खासै प्राथमिकता पाउँदैनथे । आज खेलकुद विधाकै पत्रकारलाई खेलसम्बन्धी समाचार सङ्कलनका लागि खटाउन थालिएको छ । अझ फुटबल, क्रिकेट, बास्केटबल, मार्सलआर्टस जस्ता खेल विशेषमा केन्द्रित खेल पत्रकारहरू पनि क्रियाशील हुन थालेका छन् ।

आज नेपालमा सञ्चालन भइरहेका धेरैजसो टेलिभिजन तथा रेडियोहरूले आफ्ना समाचार बुलेटिनमा नेपाली खेलकुद गतिविधिलाई समेट्दै आइरहेका छन् । विभिन्न खेलकुद कार्यक्रममार्फत खेलाडीहरूको सफलता, प्रतियोगिता, उनीहरूका समस्याजस्ता विषयवस्तु समावेश गर्ने गरिएको छ । पछिल्लो समयमा सबैजसो प्रमुख सञ्चारमाध्यम अनलाइनसँग जोडिएका छन् । हाल नेपालमा सञ्चालनमा आएका प्रायः अनलाइन पोर्टलहरूमा खेलकुदसम्बन्धी समाचारहरू दिने गरिएको छ ।

नेपालमा खेलकुद विधालाई मात्र केन्द्रित गरिएका केही अनलाइन पोर्टलहरूसमेत सञ्चालन भइरहेका छन् । यस्ता पोर्टलहरूमा विभिन्न खेलका विस्तृत जानकारी दिइने गरिएको छ । ती पोर्टलले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरूको प्रत्यक्ष प्रसारणसमेत गर्ने गरेका छन् । खेलकुदमै केन्द्रित गरिएका यस्ता करिब एक दर्जन समाचार पोर्टलमध्ये कुनैले राम्रो गरिरहेका छन् । अहिले क्रिकेट र फुटबल खेलजस्ता खेल मात्र बेग्लाबेग्लै समाचार पोर्टल पनि नेपालमा सञ्चालन भइरहेका छन् ।

**खेलकुद पत्रकारिताप्रति आकर्षण**

नेपालमा खेलकुद पत्रकारितामा विशेषगरी युवा पत्रकारहरूको आकर्षण रहेको पाइन्छ । कतिपय अवस्थामा नाम चलेका टेलिभिजनका लागि कार्यक्रम बनाउने तथा टेलिभिजनको लाइभ कमेन्ट्री गर्ने खेल पत्रकार पनि सेलिब्रेटी जस्तै हुन्छन् । पहिले खेलाडीको रूपमा अनुभव हासिल गरिसकेकाहरू पछि खेल पत्रकार भएको पनि देखिएको छ । लामो समय महावीर क्लबका तर्फबाट फुटबल खेलेका श्याम चित्रकार अहिले ८२ वर्षको उमेरमा पनि क्यामरा बोकेर खेल स्थलमा फोटो तथा भिडियो खिच्दै हिँडेको देख्न सकिन्छ ।

खेलकुद विधामा राजनीतिक तथा अपराधजस्ता विधाको तुलनामा जोखिम कम हुने गरेको छ । तापनि बेलाबखत पत्रकारहरू खेलमैदानमै आक्रमणमा परेका छन् । समाचार कभरेज नगरेको, आफू अनुकूल समाचार नबनाएको जस्ता कारण देखाएर पत्रकारलाई तारो बनाएका घटना पनि देखिएको छ । बेलाबखत खेलाडी तथा खेल पदाधिकारीले खेल पत्रकारलाई धम्की दिएको घटना पनि भएका छन् । एउटै विषयमा केन्द्रित रहेर समाचार सङ्कलन गर्ने पत्रकारमा सम्बन्धित विषयमा विशेषज्ञता बढ्दै गएको देखिएको छ । नेपालमा खेलकुद पत्रकारिता बिस्तारै स्थापित हुने बाटोमा अग्रसर भइरहेको छ । अहिले खेलकुद विधा लिएर पत्रकारिता गर्ने पत्रकारको सङ्ख्या बढ्दै गइरहेको पाइएको छ ।

**खेल पत्रकार सङ्गठित**

नेपालमा खेलकुद विधामा काम गर्ने पत्रकारहरूको सङ्ख्या सीमित भए तापनि सङ्गठित भएका छन् । २०५२ सालमा स्थापना भएको नेपाल खेलकुद पत्रकार मञ्च निरन्तर सञ्चालन भइरहेको छ । अहिले नेपालमा भएको खेल पत्रकारहरूको यो सबैभन्दा ठूलो संगठन हो । खेलकुद क्षेत्रमा बेलाबखत हुने गरेका विभिन्न विवादमा यो मञ्चले मध्यस्थता गरेर आफ्नो पहिचानलाई स्थापित गरेको छ । मञ्चले अग्रज खेलकुद पत्रकारलाई सम्मान गर्ने तथा नयाँ प्रतिभाशाली पत्रकारलाई प्रोत्साहित गर्ने काम पनि गर्ने गरेको छ ।

यसैगरी, मञ्चले एकेडेमी खोलेर खेल पत्रकारहरूलाई प्रशिक्षण दिने गरेको छ । मञ्चले काठमाडौं उपत्यकाका साथै विभिन्न जिल्लामा कार्यरत पत्रकारहरूलाई पेशागत तालिम सञ्चालन गर्दै आएको छ । नेपाल खेलकुद पत्रकार मञ्च अन्तर्राष्ट्रिय खेलकुद पत्रकार महासङ्घ (एआइपिएस) र एसियाली खेलकुद पत्रकार महासङ्घ (एआइपिएस एसिया) मा आबद्ध रहेको छ । नेपाल खेलकुद पत्रकार मञ्चलाई सन् २०२२ मा एसियाकै उत्कृष्ट खेलकुद पत्रकार सङ्घको पुरस्कार प्रदान गरिएको थियो । देशमा व्यावसायिक खेलकुद पत्रकारिता र खेलकुदको विकास र प्रवर्द्धनमा उत्कृष्ट काम गरेको कदर गर्दै सो सम्मान गरिएको थियो ।

**पत्रकार र खेलाडीको सम्मान**

नेपाल खेलकुद पत्रकार मञ्चले बर्सेनि प्रदान गर्ने गरेको विभिन्न विधाको खेल पुरस्कार अहिले नेपालकै सबैभन्दा ठूलो खेल पुरस्कारका रूपमा स्थापित हुन पुगेको छ । यस पुरस्कारअन्तर्गत वर्षको उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई पुरस्कृत गर्ने गरिएको छ । यसैगरी, वर्षमा उत्कृष्ट नतिजा ल्याउने खेलकुद सङ्घलाई पनि पुरस्कृत गर्ने गरिएको छ । अझ महत्वपूर्ण पुरस्कारका रूपमा लाइफटाइम एचिभमेन्ट पुरस्कार स्थापित हुन पुगेको छ । मन्चले एसियाकै उत्कृष्ट खेल पत्रकारलाई पनि पुरस्कृत गर्ने गरेको छ ।

एआइपिएसले नेपाली खेल पत्रकार प्रज्ज्वल ओलीलाई सन् २०२० मा एआइपिएस स्पोर्ट्स मिडिया अवार्ड प्रदान गरेको थियो । विश्वभरका एक सय २५ देशका खेल पत्रकारलाई उछिन्दै उनले 'उत्कृष्ट स्तम्भ लेखन' अवार्ड प्राप्त गरेका थिए । पुरस्कार आठ हजार अमेरिकी डलरको थियो ।

**खेल पत्रकारिताका चुनौती**

नेपाली खेलकुद पत्रकारितामा लागेकाहरूले भोग्नु परेको मुख्य चुनौती भनेको काम गरेको सञ्चारमाध्यमको स्थायित्व हो । सञ्चारमाध्यम बन्द हुने, कर्मचारी कटौती गरिने, न्यून ज्यालामा काम गर्नुपर्ने बाध्यता रहेको जस्ता कारणले खेल पत्रकारलाई विभिन्न मिडिया चाहर्दै हिँड्नु चुनौती मानिएको छ । यस्तै, खेल पत्रकारलाई धेरै खेलको ज्ञान हुनुपर्ने आवश्यकता रहेको छ । सञ्चारमाध्यमले विभिन्न खेलैपिच्छे बेग्लाबेग्लै समाचारदाता राख्न नसक्ने भएकाले एकै पत्रकार विभिन्न खेलमा जानकार हुनु चुनौतीपूर्ण मानिन्छ ।

यस्तै, खेल पत्रकारले दिनहुँ भोग्नुपरेको अर्को चुनौती भनेको समय सीमा हो । समयमै खेलमैदानमा पुग्नुपर्ने र सञ्चारमाध्यममा निश्चित अवधिभित्र समाचार बुझाउनुपर्ने बाध्यताले खेल पत्रकारलाई सधैं पछ्याइरहेको हुन्छ । विभिन्न कीर्तिमानहरूको तथ्य सत्य जाँच गर्नुपर्ने बाध्यता पनि उसलाई हुन्छ । नेपालमा खेलाडीहरूको कीर्तिमान नेपाली खेलकुदको आधिकारिक निकाय राष्ट्रिय खेलकुद परिषद्मा समेत व्यवस्थित नरहेको अवस्थामा आधिकारिक रेकर्डहरू खोज्न समस्या हुने गर्दछ । अर्को चुनौती भनेको पूर्वाग्रहरहित हुनु हो । खेल पत्रकारका हरेक समाचार निष्पक्ष र तटस्थ हुनु जरुरी रहेको छ ।

नेपालमा हालसम्म प्रकाशित

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### भारतमा सामसुङका श्रमिक आन्दोलित

मुम्बई, २६ भदौ (रासस/एएफपी)।

दक्षिण भारतमा सामसुङ इलेक्ट्रोनिक्सका कर्मचारीहरूले राम्रो तलब र कामको समयको माग गर्दै सोमबारदेखि जारी गरेको एक हप्ताको हडताल बुधबार पनि चलेको छ ।

उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने प्रविधि कम्पनीले औद्योगिक कर्मचारीको आन्दोलनको प्रभाव उत्पादनमा नपर्ने बताएको छ । भारत विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश हो र यसको बढ्दो मध्यम वर्ग सामसुङको बढ्दो बजारको लागि एक महत्वपूर्ण स्रोत हो । सामसुङको उत्पादनले दक्षिण कोरियाको कुल गार्हस्थ्य उत्पादनको लगभग एक चौथाई हिस्सा ओगटेको छ ।

हडतालले समूहको कर्मचारीको पछिल्लो असन्तोषकोलाई सङ्केत गर्दछ । जुलाईमा दक्षिण कोरियामा हजारौं युनियनमा आवद्ध कामदारहरूले तलब र लाभको विषयमा हडताल गरेका थिए । दक्षिणी शहर चेन्नईबाहिर रहेको एक प्लान्टमा टेलिभिजन, रेफ्रिजेरेटर र अन्य उपभोग्य सामग्री निर्माण गर्ने करिब एक हजार ८०० कामदार कार्यरत सामसुङका सयौं कर्मचारीले आन्दोलनमा भाग लिएका छन् ।

"उच्च ज्याला र राम्रो काम गर्ने समयको अतिरिक्त, हामीले कम्पनीसँग हाम्रो युनियनलाई मान्यता दिन पनि माग गरिरहेका छौं," श्रमिक प्रतिनिधि र युनियनका नेता ई मुथुकुमारले एएफपीलाई बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले हाम्रो माग कम्पनीलाई दिइसकेका छौं र उनीहरुसँग वार्ता गरिरहेका छौं । मुथुकुमारका अनुसार हडतालका कारण उक्त क्षेत्रमा उत्पादनमा असर परेको छ । तर सामसुङ इन्डियाका प्रवक्ताले भने कामदारको हित कम्पनीका लागि 'उच्च प्राथमिकता' रहेको र यसले कम्पनीका ग्राहकहरूलाई कुनै पनि 'व्यवधान' नहुने बताउनुभएको छ ।

प्रवक्ताले भन्नुभयो, "हामी हाम्रा कामदारहरूसँग सक्रिय रूपमा भेटवार्तामा छौं ताकि उनीहरूसँग हुन सक्ने कुनै पनि गुनासोलाई सम्बोधन गर्न र सबै कानून र नियमहरूको पालना गर्न सकियोस् ।"

संयुक्त राज्य अमेरिकासँगको भूराजनीतिक तनाव र अन्य आर्थिक अड्चनका कारण चीनबाट बाहिर उत्पादन विविधीकरण गर्न चाहने प्रविधि कम्पनीहरूको लागि भारतले एक उदीयमान विनिर्माण हबको रूपमा आफूलाई प्रस्तुत गरेको छ ।

गुगलले यसै वर्ष भारतमा आफ्नो उत्पादन सुरु गरेको छ भने ताइवानी इलेक्ट्रोनिक्स जायन्ट फक्सकन, एप्पल आईफोनको प्रमुख 'एसेम्बलर'ले प्रविधिका लागि चिनिने नजिकै एक प्रमुख फोन 'एसेम्बली प्लान्ट' स्थापना गर्दैछ ।

### चक्रवात 'यागी'ले निम्त्याएको पहिरोमा परी भियतनामको गाउँ ध्वस्त

हनोई, २६ भदौ (रासस/एएफपी)।

विनाशकारी चक्रवात 'यागी' पछिको बर्षाका कारण आएको पहिरोमा परी भियतनामको लाओ काई प्रान्तको दुर्गम पहाडी गाँउ लाङ नुमा ठूलो क्षति भएको भियतनामी सञ्चारमाध्यमले बुधबार जनाएका छन् ।

पहिरोमा परी लाङ नु गाउँका कम्तिमा २२ जनाको मृत्यु हुनुका साथै अन्य ७३ जना अझै बेपत्ता रहेका सञ्चारमाध्यमले स्थानीय अधिकारीलाई उद्धृत गरी प्रशारित समाचारमा उल्लेख गरिएको छ । अधिकारीहरूले भियतनाममा मात्रै १४० भन्दा बढीको मृत्यु भएको जानकारी गराएका छन् । लाओस, थाइल्यान्ड र म्यान्मा पनि आँधीबेहरीपछि आएको बाढीबाट प्रभावित भएका छन् ।

भियतनामी राजधानी हनोईको 'रेड रिभर' नजिकै १५ वर्षदेखि बस्दै आएका ४१ वर्षीय गुयेन ट्रान भ्यानले भन्नुभयो "यो मैले आजसम्म देखेको सबैभन्दा खतरनाक बाढी हो । पानीको स्तर यति छिटो बढ्छ भन्ने मैले सोचेको थिइनँ । हामीले भाग्न अलिकति मात्र ढिला गरेको भए आज स्थिति फरक हुन्थ्यो ।"

राष्ट्रिय सञ्चारमाध्यमका अनुसार हनोईले सन् २००८ पछिको सबैभन्दा खतरनाक बाढीको सामना गरेको हो । नदीमा पानीको स्तर द्रूत गतिमा बढेपछि रेड नदीको किनारमा बसोबास गर्ने सयौँ बासिन्दाको उद्धारका लागि प्रहरी, सैनिक र स्वयंसेवकहरू तैनाथ गरिएको छ ।

हाल कुल १६ वटा प्रान्त र सहरमा आकस्मिक बाढी र पहिरोको जोखिममा रहेका छन् । भियतनामी सरकारले ३० वर्षमा उत्तरी भियतनाममा आएको सबैभन्दा शक्तिशाली आँधी यागीबाट ज्यान गुमाउनेको सङ्ख्या देशभरि १४३ पुगेको र ५८ जना अझै बेपत्ता रहेको बताएको छ ।

यो तथ्याङ्कमा मङ्गलबारको पहिरो पीडितको सङ्ख्या समावेश छन् वा छैनन् भन्ने स्पष्ट छैन । "बेपत्ताहरूको खोजीका लागि पहिरो गएको क्षेत्रमा सेना परिचालन गरिएको छ," पार्टीका जिल्ला प्रमुख होआङ क्वोक बाओले बताउनुभयो ।

त्यसैगरी छिमेकी राष्ट्र लाओसको लुआङ प्रबाङ प्रान्तका केही नदीमा पानीको सतह चेतावनीको स्तरमा पुगेको छ । उत्तरी थाइल्यान्डको चियाङ माईमा पहिरोमा परी दुई र चियाङ राईमा अन्य दुई जनाको मृत्यु भएको छ । म्यान्माका बासिन्दा र स्थानीय सञ्चारमाध्यमले जानकारी गराएअनुसार बाढीले पूर्वी शान राज्यको टाचिलिक सहरमा बिजुली र टेलिफोन लाइनहरू अवरुद्ध गरिएको र भारी वर्षाको पूर्वानुमान गरिएको छ ।

दक्षिणपूर्वी एसियाले वार्षिक भारी मनसुनी वर्षा अनुभव गर्दछ तर प्रकृतिमा मानवीय हस्तक्षेपले निम्त्याएको जलवायु परिवर्तनले अधिक तीव्र मौसमी परिवर्तन निम्त्याएको छ जसले विनाशकारी बाढीको सम्भावना बढाउन सक्छ ।

# अब कार्यालय समयमा टिएमएस चलाउन नपाइने

काठमाडौँ, २६ भदौ (रासस)।

सेवाग्राहीलाई प्रभावकारी सेवा दिनुपर्ने सरकारी कर्मचारी शेयर कारोबारमा व्यस्त भई नाफा घाटाको हिसाब गर्न थालेपछि सरकारले कार्यालयमा त्यस्तो कार्यमा प्रतिबन्ध लगाएको छ।

विशेष गरी प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारभित्र कार्यालय समयमा आवश्यक काम छाडेर कर्मचारी शेयर कारोबारमा व्यस्त भएको भनी लिखित तथा मौखिक उजुरीपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुमगन गरेको थियो।

आयोगको अनुमगनपछि यही भदौ २१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई पत्राचार गरेको थियो। आयोगको निर्देशनका आधारमा मन्त्रिपरिषद् कार्यालयले कार्यालय समयमा शेयर कारोबार गर्ने प्रणाली (टिएमएस) सञ्चालन नगर्न आग्रह गरेको छ। कार्यालयमा बसेर शेयर बजारमा निजी कारोबार गर्नु जायज नभएको ठहर गर्दै सबै मन्त्रालय, आयोग, सचिवालय, सात वटै प्रदेशका प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरिएको हो।

"नेपाल सरकारका सबै सरकारी तथा सार्वजनिक निकायमा कार्यालय समयमा टिएमएस नचलाउने व्यवस्था हुन र सो समयमा टिएमएस चलाएको वा नचलाएको सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी आवश्यक जाँच गर्न सकिने व्यवस्था मिलाउनु", पत्रमा उल्लेख गरिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले आयोगले गरेको पत्राचारको छायाप्रति राखेर सबै मन्त्रालय, आयोग र सचिवालयलाई आग्रह गरेको छ।

मङ्गलबार प्रधानमन्त्री केपी शर्मा ओलीले समेत सामाजिक सञ्जालमार्फत सरकारी कार्यालयमा टिएमएस प्रतिबन्ध लगाएको जानकारी दिनुभएको थियो। उहाँले उल्लेख गर्नुभएको थियो,"सरकारी कार्यालयमा बसेर शेयर बजारमा निजी कारोबार गर्नु कानुनी दृष्टिले पनि अमान्य छ। यसले सरकारी कामकाजमा प्रतिकूल प्रभाव परेको छ र सेवाग्राहीको काम प्रभावित भएको गुनासो आइरहेको छ। यही जनगुनासोलाई सम्बोधन गर्दै अब सरकारले देशभरिका सबै सरकारी कार्यालयमा शेयर कारोबार गर्ने प्रणाली (टीएमएस) प्रतिबन्ध लगाएको छ। सबै मन्त्रालय, आयोग, सचिवालय, स्थानीय तहका कार्यालयमा टीएमएस नचल्ने बनाउन निर्देशन दिइएको छ। सरकारी कार्यालयमा अब सरकारी काम मात्र गर्न अनुरोध गर्दछु।"

# रकम ठगी गरेको अभियोगमा कलाकार पक्राउ

काठमाडौँ, २६ भदौ (रासस)।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को टोलीले कलाकार भिसामा विदेश पठाइदिने भन्दै विभिन्न व्यक्तिसँग रकम ठगी गरेको अभियोगमा कलाकार सुलेमान शङ्कर (इकु) भनिने सूर्यमान शङ्करलाई पक्राउ गरी बुधबार सार्वजनिक गरेको छ।

पक्राउ परेका सूर्यमानले सांस्कृतिक कार्यक्रममा कलाकार भिसामा क्यानडा, अष्ट्रेलिया तथा युरोपेली देशमा लैजाने भन्दै विभिन्न व्यक्तिबाट लाखौँ रकम ठगी गरेको अभियोगका आधारमा पक्राउ गरिएको सिआइबीका प्रवक्ता एवं प्रहरी उपरीक्षक होविन्द बोगटीले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "पक्राउ परेका सूर्यमानले नक्कली कागजात बनाउने, कलाकार भिसामा क्यानाडा, अष्ट्रेलिया तथा युरोपेली देशमा लैजाने भन्दै लाखौँ रकम ठगी गरेको अभियोगमा पक्राउ गरिएको हो।" पक्राउ परेका निजले विदेश लैजाने भन्दै एक जनाबाट कम्तीमा पनि रु १५ देखि २० लाखसम्म उठाउने गरेको जानकारी आएकाले उक्त विषयमा थप अनुसन्धान भइरहेको प्रवक्ता एवं प्रहरी उपरीक्षक बोगटीले बताउनुभयो। पक्राउ परेका निज सूर्यमानको बुधबार जिल्ला अदालत काठमाडौँबाट सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको केन्द्रीय अनुसन्धान सिआइबीले जनाएको छ।

## *मौलाउँदै नेपालमा...*

खेलकुदसम्बन्धी पत्रपत्रिकाहरू नियमित हुन सकेका छैनन्। कैयौँ पत्रिका प्रकाशित भएर पनि बन्द भएका छन्। विगत केही दशकदेखिको यो समस्या अहिलेसम्म पनि विद्यमान रहेको नै पाइन्छ। सीमित बजार, विज्ञापनमा कमी जस्ता कारणले खेलकुद पत्रिकाहरूको स्थायित्व हुन सकेको छैन।

नेपालमा सयौँ टेलिभिजनहरू स्थापना भइसकेको भए पनि हालसम्म एउटा पनि खेलकुद च्यानल खुल्न सकेको छैन। यसैकारण नेपाली दर्शकहरूले कुनै महत्वपूर्ण खेलकुद प्रतियोगिता हेर्नका लागि भारतीय वा अन्य विदेशी च्यानलको सहारा लिइरहनु परेको अवस्था छ। नेपाल टेलिभिजनले हालसम्म पाँचवटा च्यानल खोलिसक्दा पनि एउटा खेलकुद च्यानल खोल्नका लागि कुनै पहल गरेको छैन। आर्थिक विकास तथा प्रशासन केन्द्र सेडाले सन् २००३ मा गरेको सर्वेक्षणमै नेपाल टेलिभिजनलाई खेलकुद च्यानल खोल्नका लागि सुझाव दिएको थियो। नेपालमा कुनै कुनै महत्वपूर्ण खेल प्रतियोगिता हुँदा नेपाली टेलिभिजनहरूबीच त्यसको प्रसारण अधिकार लिन होडबाजी नै चल्ने गरेको छ। तर नियमित रूपमा खेलकुद च्यानल खोल्न भने कुनै टेलिभिजनले पनि प्राथमिकता दिएका छैनन्।

**निष्कर्ष**

नेपाली खेलकुदजगत्ले सञ्चारमाध्यममा आवश्यक मात्रामा महत्व पाउन सकेको छैन। खेलकुदसम्बन्धी समाचारलाई हाल उपलब्ध भइरहेको स्थान तथा समय पर्याप्त छैन। खेलकुदका सबै विधा तथा विविध खेलकुद प्रतियोगिताहरूलाई सञ्चारमाध्यमहरूले समेट्न सकेका छैनन्। रेडियो तथा टेलिभिजनबाट खेलकुदसम्बन्धी समाचार, कार्यक्रम प्रस्तोताप्रति दर्शकहरूले अझै बढी अपेक्षा गरेका छन्। अन्य विदेशी च्यानल सरह नेपालका टेलिभिजनहरू प्रविधिका दृष्टिले समृद्ध हुन सकेका छैनन्। हालसम्म नेपालमा खेलकुद मात्र देखाइने टेलिभिजन च्यानल खुल्न सकेको छैन।

मुलुकको ठूलो जनसङ्ख्याका रूपमा रहेका युवा जमातलाई अनुशासित बनाएर जिम्मेवार आमसञ्चारमाध्यमहरूले आफ्नो माध्यमलाई अझ लोकप्रिय बनाई पाठक, स्रोता र दर्शकहरूको सङ्ख्या बढाउन खेलकुद महत्वपूर्ण माध्यम बन्न सक्दछ। यसका लागि सरकार तथा सञ्चारमाध्यमले खेलकुद पत्रकारितालाई उचित प्राथमिकता, यथोचित लगानी तथा पत्रकारहरूको पेसागत दक्षता एवं वृत्तिविकासतर्फ ध्यान दिनु जरुरी देखिएको छ। (लेखक खेलकुद पत्रकारिताका जानकार हुनुहुन्छ)

# सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त र जनउत्तरदायी बनाउनुपर्छ : मुख्यमन्त्री सिंह

जनकपुर, २६ भदौ (रासस)।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त जनउत्तरदायी बनाउनुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा जनकपुरधाममा बुधबार आयोजित भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०८१ सम्बन्धमा अन्तरक्रिया कार्यक्रममा मुख्यमन्त्री सिंहले सुशासन, विकास र समृद्ध प्रदेश सरकारको प्राथमिकता रहेको उल्लेख गर्नुभयो। राज्यबाट प्राप्त हुने सेवासुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो।

मुख्यमन्त्री सिंहले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको पक्ष राष्ट्र भएकाले नेपालका तीनै तहका सरकारले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना कार्यान्वयन गर्न प्रदेश सरकारले नीतिगत, कानुनी र संस्थागत कार्य गर्ने बताउनुभयो।

सबै किसिमका भ्रष्टाचारजन्य क्रियाकलापको नियन्त्रण गरी नैतिकतामा आधारित समाजको स्थापना गर्नु चुनौतीपूर्ण रहेको भन्दै उहाँले सरकारले भ्रष्टाचारविरुद्धको अभियानलाई सशक्त र प्रभावकारी बनाउन अधिकतम साधनस्रोत तथा संयन्त्र परिचालन गर्ने बताउनुभयो।

मुख्यमन्त्री सिंहले भ्रष्टाचार हुने सम्भावना न्यून गर्न प्रदेश सरकारले जोखिमपूर्ण क्षेत्रको पहिचान गरी सेवाग्राहीको बढी चाप हुने कार्यालय तथा निकायमा सिसिटिभी जडान, सार्वजनिक निकायका लागि विनियोजित बजेट एवम् खर्च तथा प्रगतिको विवरण सार्वजनिक गर्ने परिपाटी विकास, सार्वजनिक पदाधिकारीमा सदाचार, इमान्दारी र जिम्मेवारीको भावना विकास गर्न आचारसंहिता निर्माण तथा तिनको कार्यान्वयन गर्नेजस्ता काम गरिरहेको प्रस्ट गर्नुभयो।

कर्मचारीको हाजिरी तथा कामकाजको छड्के अभियानलाई आफूले केही समययता तीव्र पारेको उल्लेख गर्दै मुख्यमन्त्री सिंहले सरकारी कामकाजमा ढिलासुस्ती गर्ने कर्मचारीविरुद्ध कारबाही गर्न आफू पछि नपर्ने बताउनुभयो। उहाँले सार्वजनिक खरिद ऐनका जटिलता सरलीकृत गरिनुपर्ने भन्दै सुशासनलाई टेवा दिन ऐनका प्रावधान विपरीत काम नगर्न कर्मचारीलाई निर्देशन दिएको बताउनुभयो।

कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव राजेन्द्र थापाले भ्रष्टाचारविरुद्धको राष्ट्रिय रणनीति तथा कार्ययोजना २०८१ का विषयमा जानकारी गराउनुभयो। कार्यक्रममा प्रदेश तथा स्थानीय तहका पदाधिकारीको सहभागिता रहेको थियो।

# बिहीबार साँझदेखि शनिबार बिहानसम्म मनसुन सक्रिय हुने सम्भावना

काठमाडौँ, २६ भदौ (रासस)।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले बिहीबारदेखि वर्षा सुरु भएर तीन दिनसम्म वर्षा हुने पूर्वानुमान गरेको छ। विभागद्वारा बुधबार जारी विशेष मौसमी बुलेटिनमा देशका केही स्थानमा भारी वर्षासमेत हुने जनाउँदै आवश्यक सतर्कतासमेत अपनाउन आग्रह गरेको छ।

महाशाखाका मौसमविद् शान्ति कँडेलले हाल देशभर मनसुनी वायुको प्रभाव रहेको र मनसुनको न्यून चापीय रेखा सरदर स्थानभन्दा दक्षिणतिर अवस्थित रहेको बताउनुभयो। उहाँले मौसमको यस्तोस्थिति तापनि हाल भारतको मध्यप्रदेश आसपासमा अवस्थित न्यून चापीय प्रणाली थप विकसित भई उत्तर-पश्चिमतिर (नेपाल नजिक) सर्ने सम्भावना देखिएको जानकारी दिनुभयो। "उक्त प्रणालीको प्रभावले बिहीबार साँझदेखि शनिबार बिहानसम्म विशेषगरी नेपालको पश्चिमी क्षेत्रमा मनसुन सक्रिय भई वर्षा हुने सम्भावना छ," उहाँले भन्नुभयो, "तसर्थ आवश्यक सतर्कता अपनाउन आवश्यक छ।"

महाशाखाद्वारा जारी बुलेटिनमा गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा साधारणतयादेखि पूर्णतया बदली र बाँकी प्रदेशहरूमा आंशिकदेखि साधारणतया बदली रहने उल्लेख छ। "गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बाँकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ," जारी विशेष बुलेटिनमा भनिएको छ, "लुम्बिनी र सुदूरपश्चिम प्रदेशका थोरै स्थानहरूमा भारीदेखि धेरै भारी तथा बाँकी प्रदेशका एक-दुई स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको छ। सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा अति भारी वर्षाको समेत सम्भावना रहेको छ।"

बुलेटिनअनुसार बुधबार राति गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका केही स्थानमा तथा बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। साथै कोशी, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना रहेको बुलेटिनमा उल्लेख छ।

महाशाखाले वर्षाका कारण भू-क्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले सहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको, ठूला तथा साना नदी नाला र खोलाहरूमा पानीको सतह बढ्न सक्ने जनाएको छ। यसैगरी दैनिक जन-जीवन, कृषि, स्वास्थ्य, पर्यटन, सडक तथा हवाई यातायातसमेत प्रभावित हुनसक्ने भएकाले आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउनु हुन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरको छ।


# लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु। - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु। - आँखाको गेडी दुख्नु। - अत्याधिक टाउको दुख्नु। - शरीरमा राता बिमिराहरु आउनु।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं। - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जालीवा सुत्ने बेलामा झुल लगाएर सुतौं। - घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं। - पानी राखेको भाँडालाई छोपेर राखौं। - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं।

## अनुरोधकर्ता : महादेवा गाउँपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*